# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०४।२७ गते।

## प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत काठमाडौंमा दायर भएका मुद्दाहरु मध्ये प्रतिवादी गोकुल शर्मा पौडेलसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दा।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विशेष अदालत, काठमाडौंमा दायर भएका मुद्दाहरुमा विशेष अदालतबाट बिभिन्न मितिमा फैसला भएका मध्ये प्रतिवादी गोकुल शर्मा पौडेलसमेत रहेको परीक्षाको परिणाम फेरबदल गरी भ्रष्टाचार गरेको सम्बन्धि मुद्दामा आयोगको निर्णय अनुसार मिति २०८१।०४।२७ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको बिबरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

**देहायः**

| सि.नं. | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | गोकुल शर्मा पौडेलसमेत (विशेष अदालतको मुद्दा नं. ०७८-CR-००६५र फैसला मिति २०८०/०८/२५) | परीक्षाको परीणाम फेरबदल गरेको। | यातायात व्यवस्था कार्यालय पोखराका तत्कालीन निमित्त कार्यालय प्रमुख गोकुल शर्मा पौडेल र हरि प्रसाद गौतमले निजहरु कार्यालय प्रमुख रहेको अवधिमा मातहतमा कार्यरत कर्मचारीहरुले उक्त कार्यालयबाट संचालन गरिएको सवारी चालक अनुमतिपत्रको परीक्षामा अनुतिर्ण भएका तथा अनुपस्थित रहेका परीक्षार्थीहरुलाई पास गरी गराई परीक्षाको परिणाम फेरबदल गर्दा समेत उक्त कार्य नसच्याएको र उक्त कार्यमा संलग्न कर्मचारीहरु उपर कुनै कारवाही नगरेको एवं सोही कार्यालयमा कार्यरत अधिकृत स्तर आठौं भरतराज काफ्ले, अधिकृत स्तर सातौं प्रेम प्रसाद श्रेष्ठ, अधिकृत स्तर छैठौं डिल्लीराम बराल, कम्प्युटर अधिकृत छैठौं होमनाथ शर्मा, कम्प्युटर अधिकृत (करार) झलक पौडेल, कम्प्युटर अधिकृत (करार) मोहानमणि सुवेदी र अधिकृत स्तर आठौं भरतमणि बराल उपर यातायत व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र गण्डकी पोखराबाट मिति २०७५ मंसिर र २०७६ साल कार्तिक र | <u>विशेष अदालतको फैसलाः-</u><br>विशेष अदालत काठमाण्डौबाट प्रतिवादीहरुमध्येका भरतराज काफ्ले, प्रेम प्रसाद श्रेष्ठ, डिल्लीराम बराल, होमनाथ शर्मा, झलक पौडेल, मोहानमणि सुवेदी र भरतमणि बरालको हकमा आरोपपत्र दावी बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ को कसूरमा सोही दफा बमोजिम जनही ३ महिना कैद र रु. पाँच हजार जरिवाना हुने एवं प्रतिवादी मध्येका गोकुल शर्मा पौडेल र हरि प्रसाद गौतमको हकमा मिसिल संलग्न प्रमाणबाट निजहरुले आरोपित कसूर गरेको प्रमाणित हुन नआएको भन्ने आधारमा निजहरुले आरोपित कसूरबाट सफाई पाउने ठहर गरी फैसला भएको।<br><br><u>विशेष अदालतले प्रतिवादीहरु गोकुल शर्मा पौडेल र हरि प्रसाद गौतमलाई सफाइ दिंदा लिएका आधारहरुः-</u><br>(क) प्रतिवादीहरु गोकुल प्रसाद शर्मा पौडेल र हरि प्रसाद गौतमले परीक्षाको परिणाम फेरवदल गर्ने कार्यमा आफ्नो कुनै संलग्नता नभएको भनी अदालत र अनुसन्धानको क्रममा वयान गरेको।<br>(ख) सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षाको नतिजालाई Electronic Driving License Vehicle Register System मा यी प्रतिवादीहरुले Update तथा Approve गरेको भन्ने आरोपपत्रमा उल्लेख गरेको नदेखिएको र मिसिल संलग्न प्रमाण कागजातहरुबाट उक्त Update र Approve कार्यमा निज प्रतिवादीहरुको User Id र Password प्रयोग भएको देखिन नआएको।<br>(ग) परीक्षाको परिणाम फेरवदल हुँदाको समयमा यी प्रतिवादीहरु कार्यालय प्रमुख भएकोले परीक्षाको | (क) प्रतिवादी हरि प्रसाद गौतम यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र, कास्की गण्डकी प्रदेश पोखरामा निमित्त कार्यालय प्रमुख रहेको समयावधि मिति २०७५ मंसिरमा र २०७६ साल साउन देखि मंसिर सम्म संचालन भएका सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षामा फेल तथा अनुपस्थित भएका परिक्षार्थी मध्ये १६५ जना परीक्षार्थीहरुको Electronic Driving License Vehicle Register System मा Result Update तथा Approve गर्ने क्रममा पास गरेको र २ जना प्रयोगात्मक परीक्षामा पास भएका परीक्षार्थीहरुलाई Result update गर्दा फेल गराई प्रयोगात्मक परीक्षाको परिणाम फेरवदल गरेको देखिएको। प्रतिवादी गोकुल शर्मा पौडेलले मिति २०७५ भदौ महिना देखी २०७५ मंसिर महिना सम्म उक्त कार्यालयको निमित्त कार्यालय प्रमुख रहेको अवधिमा Electronic Driving License Vehicle Registration System मा Trial test update तथा Approve गर्ने क्रममा ३ जना फेल भएका परीक्षार्थीहरुलाई पास गरी गराई परीक्षाको परिणाम परिवर्तन गरेको देखिएको। प्रतिवादी हरि प्रसाद गौतमले कार्यालयको प्रयोजनार्थ User Id र Password सुरक्षित ढंगले ल्याउने जिम्मेवारी निर्देशिका वमोजिम कार्यालयप्रमुखकै रहेकोले आफूले उपलब्ध गराएको परीक्षाको परिणाम प्रविष्ट गर्ने वेलामा गलत भएको अवस्थामा यातायात व्यवस्था विभागलाई अनुरोध गरी सिष्टममा सच्याउने अप्सन बनाएर मात्र परिणाम फेरवदल गर्न सकिने भएतापनि आफुले अनुगमन गर्न नसकेको कारण कसले User Id दुरुपयोग गरेको भनि छुट्याउन नसकेको तर उक्त कार्यमा कार्यालय प्रमुखको हैसियतले आफ्नो नैतिक जिम्मेवारी रहन्छ भनि अनुसान्धानको क्रममा स्पष्ट रुपमा कसूर स्वीकार गरी उल्लेख गरेको वयान व्यहोरा प्रमाणमा नलिई विशेष अदालतबाट फैसला भएको देखिएको छ। यी प्रतिवादी गोकुल शर्मा पौडेलले लिखित तथा प्रयोगात्मक परिक्षाको Result update तथा Approve गर्नको लागि कार्यालय प्रमुखबाट लिखित शाखाको शाखा प्रमुखलाई Approve गर्ने अधिकार र कम्प्युटरको ना.सु. स्तरको कर्मचारीलाई Update गर्ने अधिकार सहितको जिम्मेवारी तोकी निजहरुलाई उपलब्ध गराउने गरेको हो भन्ने निजको स्वीकारोक्तिले निज प्रतिवादीहरुको कसूरलाई थप पुष्टी गरेको देखिएको। User Id र Password सुरक्षित नभएको, ह्याकिङ्ग भएको वा अरु कसैले दुरुपयोग गरेको भनि लिखित निवेदन समेत मातहत कर्मचारी कसैले नदिएको र अधिकार प्रत्यायोजन सहित जिम्मेवारी दिईएको कारण सम्बन्धित कर्मचारी नै बढी जिम्मेवार हुने भए तापनि तोकिए वमोजिमको काम गराउने जिम्मेवारी कार्यालय प्रमुखको नै हो भन्ने व्यहोराको अनुसन्धानको क्रममा गरेको यी प्रतिवादीको वयानबाट परीक्षाको परिणाम निकाल्ने सम्बन्धमा निज प्रतिवादीहरुको कर्तव्य र जिम्मेवारी स्पष्ट देखिएको। कार्यालय प्रमुखको सहमति स्वीकारोक्ति विना तलका कर्मचारीले मात्र कसुर गरे गराएको अवस्थामा कार्यालय प्रमुख चुपलागि बस्ने भन्ने नै हुन सक्दैन। मिसिल संलग्न उल्लेखित प्रमाणहरुको यथोचित मूल्यांकन र विश्लेषण नै नगरी प्रतिवादी गोकुल शर्मा पौडेल र हारि प्रसाद गौतमले |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मंसिरमा संचालन गरिएको सवारी चालक अनुमतिपत्रको परीक्षामा अनुतिर्णलाई उतिर्ण गरेको हुँदा निज प्रतिवादीहरु उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ को कसूरमा सोहि ऐनको दफा १३ बमोजिम सजाय हुन मागदावी लिएको। | परिणाम फेरवदल गर्ने कर्मचारीहरुलाई कारवाही नगरेको कारणबाट परीक्षाको परिणाम फेरवदल गर्ने कार्यमा यी प्रतिवादीहरुको पनि संलग्नता हुन सक्ने भन्ने अनुमान गरी कसूरदार ठहर गर्न न्यायोयित हुन नआउने। | परीक्षाको परिणाम फेरवदल गर्ने कार्यमा आफ्नो कुनै संलग्न नभएको भनी वयान गरेको भन्ने कोरा आधार लिई प्रतिवादीहरुलाई आरोपित कसुरबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।<br><br>(ख) कार्यालयबाट लिइने लाइसेन्सको परीक्षामा आलोपालो गरी सबै कर्मचारी खटिने गरेको भएता पनि ट्रायल परीक्षा समाप्त भएपछि सो को निर्णय/ माईन्यूट लेखि उक्त माइन्यूट वमोजिम सफ्टवेयरमा परिणाम प्रविष्ट गराउने जिम्मेवारी शाखा अधिकृत भरतराज काफ्लेलाई र नवीकरण तर्फ शाखा अधिकृत प्रेम प्रसाद श्रेष्ठलाई एवं लिखित परीक्षाको परिणाम अपडेट गर्न अधिकृत स्तर छैंठौ तहका कर्मचारीलाई आलोपालो मिलाई कार्य विभाजन गरिएको, कार्यालयको प्रयोजनार्थ User Id आफूले नै उपलब्ध गराएको र निर्देशिका वमोजिम पनि उक्त कार्यको जिम्मेवारी कार्यालय प्रमुखमा नै निहित रहेको तथ्य प्रतिवादी हरि प्रसाद गौतमले अनुसन्धान अधिकृत समक्ष वयान गर्दा उल्लेख गरेको देखिएको। पहिले देखि नै कार्यालय प्रमुखबाट लिखित शाखाको शाखा प्रमुखलाई Approve गर्ने अधिकार र कम्प्युटरको ना.सु. स्तरको कर्मचारीलाई Update गर्ने अधिकार सहितको जिम्मेवारी तोकी User Id उपलब्ध गराउने, परीक्षा समितिबाट अन्तिम निर्णय भई Check List मा Pass भएका बाहेक अन्य परीक्षार्थीहरुलाई Result Update र Approve गर्ने क्रममा पास गर्न नमिल्ने भन्ने व्यहोरा प्रतिवादी गोकुल शर्मा पौडेलले अनुसन्धानको क्रममा वयान गर्दा उल्लेख गरेको देखिन्छ। प्रतिवादीहरुको उल्लेखित वयान व्यहोरा र Trail Test Update Approve को लागि खटाइएका कर्मचारीहरुलाई प्रयोगात्मक (ट्रायल) परिक्षामा खटिने निरीक्षकहरुले हस्ताक्षर सहित पेश गरेको नतिजा सूची (चेक लिष्ट) Trial Test Shedule report उपलब्ध गराई सोहि नतिजाको आधारमा Trial test Update र Approve हुन्छ भन्ने व्यहोराको यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र, कास्कि गण्डकी प्रदेशको च.नं. २०२ मिति २०७८/११/५ गतेको पत्र समेतबाट Electronic Driving License Register system कार्यालय प्रमुखको निगरानी र नियन्त्रणमा रहने तथ्य पुष्टि भई रहेको अवस्था छ।<br>परिक्षाको अन्तिम नतिजा तयार गर्ने निर्णय स्वयं कार्यालय प्रमुखले नै गर्नुपर्ने हुन्छ। उक्त जिम्मेवारीबाट निजले पन्छिन मिल्दैन। "एउटै विवादमा फरक फरक रुपमा संलग्न रहेका व्यक्तिहरुमध्ये निर्णयकर्तालाई निर्णयका संबन्धमा कुनै जिम्मेवार नगराई निर्णय कार्यान्वयन गर्नेलाई मात्र जिम्मेवार बनाउनु न्यायसंगत देखिदैन। निर्णयकर्तालाई आफूले गरेको कार्यको दायित्वबाट उन्मुक्ति वा छुट दिइ मातहतका कर्मचारीहरुलाई मात्र जिम्मेवार बनाउंदा पूरा तवरले ईन्साफ हुन नसक्ने" भनी ने.का.प. २०६८, अंक ६, नि.नं. ८६३६ भएको मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट सिध्दान्त समेत प्रतिपादन भएको। कार्यालय प्रमुख आफैले System मा Update तथा Approve गर्ने र त्यसको लागि आफ्नै User Id र Password प्रयोग गर्ने नभई आफूलाई प्राप्त काम, कर्तव्य एवं अधिकार वमोजिम मातहतका कर्मचारीहरुलाई कार्य विभाजन गरी जिम्मेवारी तोक्ने तथा सो अनुरुप कार्य भए नभएको वारे अनुगमन एवं मूल्याङ्कन गरी कार्यालय प्रशासन गर्ने तथ्य स्वयं प्रतिवादीहरुको वयान, कार्यालयको कार्यविधी |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | एवं कार्य प्रकृति समेतबाट स्पष्ट भई रहेको अवस्थामा प्रतिवादीहरुले नै Update तथा Approve गरेको भन्ने आरोपपत्रमा उल्लेख नभएको तथा निज प्रतिवादीहरुको User Id र Password प्रयोग नभएको भन्ने सतही र मनोगत तर्क अघि सारी सोही आधारमा प्रतिवादीहरुलाई आरोपित कसुरबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको।<br><br>(ग) परीक्षाको परिणाम फेरवदल हुँदाको अवधिमा प्रतिवादी गोकुल शर्मा पौडेल र हरि प्रसाद गौतम कार्यालय प्रमुखको भूमिकामा रहेको र आफू मातहतका कर्मचारीहरु आर्थिक प्रलोभनमा परी परिक्षाको परिणाम फेरवदल गर्ने कार्यमा संलग्न रहेको कुरा निजहरुलाई थाहा भएको तथ्य निजहरुकै अनुसन्धानको क्रममा भएको वयानबाट पुष्टि भएको।प्रतिवादीहरु भरतराज काफ्ले, प्रेम प्रसाद श्रेष्ठ, होमनाथ शर्मा, मोहनमणी सुवेदी, डिल्लीराम वराल र झलक मणी पौडेल समेतका कर्मचारीहरुले आर्थिक प्रलोभनमा पारी परीक्षा समितिको निर्णय भन्दा विपरीत तरिकाले परीक्षाको परिणाम फेरवदल गरी फेललाई पास गराएका हुन्। उनीहरु प्रायः सधै होटलमा बसी रक्सी, मासु लगायतका खाजा खाई हिडने गरेको देख्दा देख्दै पनि आफूले कारवाही नगरेको, निजहरुले कानून विपरीत कार्य गरी जानी जानी परिणाम फेरवदल गरेको तथा निजहरुले मेरो अध्यक्षतामा बसी समितिबाट गराइएका देखी बाहेकका उम्मेदवारको Result Update र Approve लाई उल्टाई फेललाई पास गराएको कुरा यातायात विभागको Report मा उल्लेख भएपछी कारवाहीका लागि विभागका पदाधिकारीहरुलाई जानकारी गराएको भन्ने प्रतिवादी हरि प्रसाद गौतमको वयान व्यहोराबाटै परीक्षाको परिणाममा फेरवदल भएको विषयमा यी प्रतिवादीहरु पूर्ण रुपमा जानकार रहेको पुष्टी भएको। गलत किसिमबाट परीक्षाको परिणाम फेरवदल भएको जानकार हुंदाहुंदै त्यस्तो कार्यलाई बैधता प्रदान गरी प्रतिवादी गोकुल पौडेल शर्मा र हरि प्रसाद गौतमले दोषपूर्ण कार्य गरेको पुष्टी भईरहेको छ ।"भ्रष्टाचारजन्य कार्य हुनका लागि आर्थिक लाभ र हानि मात्र पर्याप्त आधार होईन।अवाञ्छित किसिमको दोषपूर्ण गतिविधी पनि भ्रष्टाचारजन्य कसुरको अर्को महत्वपुर्ण आधार हो।प्रतिवादीको गैरकानूनी र अवाञ्छित किसिमको दोषपूर्ण गतिविधिबाट कसैको हानि हुने र कसैले लाभ पाउने अवस्था हुन्छ भने पनि सो कार्य भ्रष्टाचारजन्य कसुरको दायराभित्र पर्ने नै हुन्छ साथै प्रतिवादीले त्यस किसिमको गतिविधी केवल आर्थिक लाभ लिने मनसायका साथ गरेको थिएन भन्ने आधारमा मात्र उक्त दोषपूर्ण कार्यबाट निजले उन्मुक्ति पाउने अवस्था नरहने" भनी ने.का.प. २०७५, अंक ११, नि. नं १०१४२ भएको मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट सिद्धान्त समेत प्रतिपादन भएको पाईन्छ। यसरी फेरवदल भएको परीक्षाको परिणामलाई कार्यालयको तर्फबाट अन्तिम जवाफदेहिता र उत्तरदायित्व वहन गर्नु पर्ने जिम्मेवारीमा रहेका कार्यालय प्रमुखले सच्याउने कार्य नगरी उक्त कार्यलाई वैधता दिएको पुष्टि भईरहेको अवस्थामा कार्यालयका प्रमुख नै जिम्मेवार हुनु नपर्ने गरी भएको विशेष अदालतको फैसला प्रथमदृष्टीमै बदरभागी रहेको।<br>भ्रष्टाचार निवारण ऐनले निषेध गरेको कार्य घटित हुनु, ति कार्यमा प्रतिवादी जिम्मेवार भएको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | अन्यथा प्रमाणित हुना नसक्नु तर कसूर कायम नहुनु भनेको न्याय मर्नु हो। यसर्थ मिसिल संलग्न उपरोक्त प्रमाण कागजातहरुको उचित मूल्याङ्कन र विश्लेषण नगरी परीक्षाको परिणाम फेरबदल गर्ने कर्मचारीहरुलाई कारवाही नगरेको कारणबाट यी प्रतिवादीहरुको पनि संलग्नता हुन सक्ने अनुमान गरी कसुर ठहर गर्न न्यायोचित नहुने भन्ने मनोगत तर्कको आधारमा प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसलामा मिसिल संकलित प्रमाणको उचित मूल्याङ्कन हुन नसकेको हुँदा उक्त फैसला त्रुटिपूर्ण रहेको। |